नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**(कर्मचारी प्रशासन तथा सुशासन प्रवर्द्धन शाखा)**

सिंहदरबार, काठमाडौं

फोन नं.

सिंहदरबार,

काठमाडौँ, नेपाल ।

२.१.१७/२०७६/७७

पत्र संख्याः-

चलानी नं.:- ७०७०

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

मितिः २०७६।०९।२०

**विषयः पदपुर्ति सम्बन्धी माग स्थगित गर्ने सम्बन्धमा ।**

श्री शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुर।

श्री शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर।

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र , सानोठिमी, भक्तपुरः मातहतका निकायहरुमा परिपत्र हुन।

श्री पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर।

श्री राष्ट्रिय पुस्तकालय, हरिहरभवन, ललितपुर ।

श्री केसर पुस्तकालय, केसरमहल, काठमाण्डौ।

श्री राष्ट्रिय किताबखाना (शिक्षक) म्युजियममार्ग छाउनी, काठमाण्डौ ।

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २५३, मिति २०७६।०९।१६ को प्राप्त पत्रानुसार संघमा समायोजन भएका कर्मचारीहरुमध्ये अधिकांश सहायकस्तका कर्मचारीहरु स्थानीय तहमा कार्यरत रहेकोमा निजहरुलाई तत्काल संघमा पदस्थापन गरी स्थानीय तहबाट हटाउँदा स्थानीय तहको सेवा प्रवाह अवरुद्ध हुने भएकोले निजहरुलाई तत्काल पदस्थापन नगरी स्थानीय तहमै कार्यरत रहन निर्देशन दिइएकोमा हाल स्थानीय तहको लागि पदपुर्तिको विज्ञापन भई सो बमोजिम कर्मचारी सिफारिस भई आउनेक्रम शुरु भएको र सो कार्य सम्पन्न हुन केही थप समय लाग्ने भएकोले सो कार्य सम्पन्न नहुँदै लोक सेवा आयोगमा माग पठाउँदा दोहोरो पर्न गई पछि कर्मचारी व्यवस्थापन गर्न कठिन हुने र माग पठाउँदा सो पदमा पदस्थापन गर्न नमिल्ने भएकोले अर्को व्यवस्था नभएसम्म राजपत्र अनंकित तथा श्रेणी विहिन पदहरुको पद रिक्त भए पनि हाललाई माग आकृति फाराम भरी पठाउने कार्य नगर्नु नगराउनु हुन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६।०९।१६ को निर्णयानुसार अनुरोध छ भनी लेखि आएकाले सोही अनुसार गर्नु/गराउनु हुन यस मन्त्रालयको मिति २०७६।०९।२० को निर्णयानुसार अनुरोध छ ।

पुष्पादेवी राई

शाखा अधिकृत

**बोधार्थ**

श्री शैक्षिक प्रविधि तथा विद्युतीय सुशासन शाखा, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, पत्र यस मन्त्रालयको वेभसाइटमा राखिदिनुहुन ।

E:\Padam\Letters\Letter of 2076_077.doc